जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ३०२ २०७९ साल असार ३१ गते शुक्रबार (15 July 2022 Friday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको एक वर्ष जयनगर-कुर्था रेल. ३ पृष्ठमा : प्राध्यापकको गल्तीले गर्दा ... ३ पृष्ठमा पछि हटे श्रीलंकाली...

## थप तल्लाको नक्सा पास गराउन जाँदा इन्जिनियरले भुँई तल्लाको नक्सा पनि काटकुट गरिदिए




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

सप्तरीको कंचनरुप नगरपालिका ४ निवासी ६० वर्षिय मंगले दमाईको घरको नक्सा नगरपालिकाका कर्मचारीले पास नगरिदा न्यायका लागि संचारकर्मी समक्ष आग्रह गरेका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै दमाईले कपडा सिलाउने घरेलु उद्योग संचालन गरी ५० जनालाई रोजगारी दिँदै आएकोमा अहिले आफ्नो घरको नक्सा पास नहुँदा उद्योग नै बन्द हुने अवस्थामा पुगेको गुनासो गरेका छन् ।

उनले नगरपालिकाबाट भुँई तल्लाको नक्सा पास भइसकेको अवस्थामा थप एक तल्ले घर निर्माण गरेपछी सो तल्लाको नक्सा पास गर्न जाँदा भुँई तल्लाको नक्सा समेत नक्सा उपशाखाका इन्जिनियर सुजित कुमार साहले काटकुट पारिदिएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

सात धुर जग्गामा उनले २०७३ साल भदौ १५ गते भुँई तल्ला भवन निर्माण गराई नगरपालिकामा अभिलेखिकरण गराएका थिए । थप तल्ला निर्माणको अभिलेखिकरणका लागि नक्सा फाँटको आदेशानुसार ४४ हजार ८० रुँपैया राजस्व समेत बुझाइसक्दा पनि नक्सा पास नगरिदिएको र आफूसँग भएको भुँई तल्लाको पुरानो पास भएको नक्साको प्रमाणपत्र समेत काटकुट पारिदिएको उनले गुनासो पोखेका छन् ।

२०७९ जेठ २० गते उनले घर नक्सा शाखाका इन्जिनियर साहको आदेशमा उक्त रकम नगरपालिकाको खातामा जम्मा गरेको सुनाए । नक्सा पासका लागि नगरपालिकाबाट खटिएका सवइन्जिनियर संजय कुमार विश्वास, खरिदार शिव नारायण यादव र अमिन मनोज कुमार यादवको टोलीले थप गरिएको भवनको नक्सा पास गर्न मिल्ने भनि सिफारिस गरेपछि इन्जिनियर

*बाँकी अन्तिम पृष्ठमा*

## रेणु यादवले जसपाको सम्पूर्ण पद परित्याग गरिन्



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

जनता समाजवादी (जसपा) की नेतृ रेणु यादवले बिहीबार पार्टी परित्याग गरेको घोषणा गरेकी छिन् ।

पार्टीका केन्द्रीय कार्यकारणी सदस्य एवं केन्द्रीय सदस्य समेत रहेकी यादवले पार्टी अध्यक्षलाई एक पत्र लेख्दै व्यक्तिगत कारण देखाएर पार्टीको पदीय जिम्मेवारीबाट अलग भएको घोषणा गरेकी हुन् ।

"वर्तमान अवस्थामा मेरो व्यक्तिगत कारणले गर्दा पदीय जिम्मेवारीमा रहेर काम गर्ने सक्ने अवस्था नरहेको हुनाले मैले यस जनता समाजवादी पार्टी (जसपा) नेपालसँगको पदीय जिम्मेवारीबाट अलग हुने निर्णयमा पुगेको छु । तसर्थ बिहीबारकै मितिदेखि लागु हुने गरी पार्टीले मलाई दिएको पार्टीको सम्पूर्ण पदीय जिम्मेवारीहरू त्याग गरेको व्यहोरा यहाँलाई जानकारी गराउँदछु ।" उनले पत्रमा लेखेकी छिन् ।

## किर्ते गरि जग्गा खरीद बिक्रि गर्ने कार्यमा संलग्न मालपोतका दुई कर्मचारीसहित पाँच जनालाई कैद




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

राजविराज नगरपालिका ७ को करोडौं मूल्य पर्ने तीन कट्ठा नौ धुर जग्गा कीर्ते गरी खरीद बिक्री गर्ने कार्यमा सलंग्न मालपोतका दुई कर्मचारीसहित पाँच जनालाई जिल्ला अदालत सप्तरीले कैद सजायको फैसला सुनाएको छ ।

जग्गाधनी काम विशेषले विदेशमा रहेका बेला उनलाई जानकारी नै नदिइ जग्गा खरीद बिक्री कार्यक्रमा संलग्न मालपोत कार्यालय सप्तरीका नायबसुब्बा राजविराज ५ निवासी सीताराम चौधरी र कार्यालय सहायक राजविराज ९ का हरिनारायण शर्मालाई बुधबार ६/६ वर्ष कैद सजाय भएको हो ।

सप्तरी जिल्ला अदालतका न्यायधिश इश्वरमणि ओझाको इजलासले उक्त फैसला गरेको श्रेस्तेदार कुमार मास्केले जानकारी दिएका छन् ।

अर्का कर्मचारी सुनसरी दुहबी ४ का उद्धव खतिवडाको कारागारमै मृत्यु भएकाले उनको हकमा मुद्दा खारेज भएको छ । कीर्ते जालसाजी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका ५८ वर्षीय नायबसुब्बा खतिवडा २०७८ पुस २ गते कारागारमा बिरामी परेका थिए । उनको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको थियो । उनी २०७५ साउनदेखि नै पुर्पक्षका लागि राजविराज कारागारमा बन्दी जिवन बिताइरहेका थिए ।

खतिवडासँगै थुनामा रहेका चौधरी र अर्का कर्मचारी हरिनारायण शर्माको कैद अवधि अझै दुई वर्ष बाँकी छ । फरार रहेका शर्मा अदालतमा हाजिर भएपछि २०७५ कात्तिक १३ गतेदेखि थुनामा छन् ।

यसैगरी जग्गा खरिद बिक्रीमा संलग्न राजविराज ७ गजेन्द्र चोकको देवरानीदेवी दास र डाक्नेश्वरी नगरपालिका ८ घर भई हाल राजविराज ७ मा बसोवास गर्दै आएकी घुरनीदेवी साहलाई चार वर्ष कैद सजाय भएको छ । दास र साहलाई कीर्ते गरेकामा एक वर्ष र ठगी गरेकामा तीन वर्ष गरी चार वर्ष कैद सजाय भएको अदालतले जनाएको छ ।

कीर्ते गरेकामा एक वर्ष, कर्मचारी भएकाले थप दुई वर्ष तथा ठगी गरेकामा तीन वर्ष गरी ६/६ वर्ष कैद सजाय भएको श्रेस्तेदार मास्केले जानकारी दिए ।

यस्तै २०७५ असार १९ गते पक्राउ परी साउन १७ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका राजविराज ११ का ७८ वर्षीय फुदन साहको कैद सजाय अवधि चार वर्ष पूरा भएको छ । कैद सजाय भुक्तान भएकाले उनी रिहा भएका छन् । उनका छोरा शंकर साह तेली र शर्माका नातेदार उपेन्द्र शर्मा हालसम्म फरार रहेका छन् ।

उनीहरूले राजविराज नगरपालिका ७ की ६९ वर्षीया उषा अर्यालको करोडौं मूल्य पर्ने तीन कट्ठा नौ धुर जग्गा बिक्री गरेका थिए । काम विशेषले अमेरिकामा गएकी अर्याललाई थाहै नदिई उनीहरुको संलग्नतामा अर्यालको जग्गा बिक्री गरिएको थियो ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# यूवाहरुलाई प्रमोट गर्नेतर्फ गम्भिर ध्यान पुऱ्याऔं

अहिलेको परिवेशमा मुलुकमा रहेका यूवाहरुको जमातलाई प्रोत्साहन गरि उनीहरुको जोश जागरलाई परिचालन गर्नु पर्ने अवस्था रहेको छ। कुनै पनि मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ भन्ने कुरा कसैसाम लुकेको छैन्। युवाको अग्रसरता बिना विकासका कार्य सम्भव समेत हुदैन्। देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन्।

सप्तरी जिल्लाको मात्र कुरा गर्ने हो भने जिल्लाको अधिकांश स्थानमा उच्च शिक्षा हासिल गरेर पनि यहाँका युवाहरु जागिर नपाएपछि बाध्य भएर बिदेश जान बाधय छन्। तर, ती युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सरहानिय भुमिका निर्वाह गर्न सक्छन्। बर्षेनी लाखौ रकम बाटोघाटो तथा अन्य विकास निर्माण कार्यको लागि कागजमा खर्चिने गरेको छ। देश तथा समाजको हरेक निकायलाई अगाडी बढाउनका लागि अहिलेको परिवर्तनशिल युगमा युवा नेतृत्वको निकै खाँचो रहेको देखिन्छ।

तसर्थ युवा शक्तिहरु एक जुट भएर आफ्नो गाउँ, टोल र समाज निर्माणको कार्यमा सबै एक साथ मिलाएर अगाडी बढनुपर्ने आवश्यकता रहेको छ। यसका लागि तीनै तहको सरकारले आफ्नै मुलुकमा रोजगारीको अवस्था सृजना गर्ने वातावरण मिलाएर यूवाहरुलाई प्रमोट गर्नेतर्फ गम्भिर ध्यान पुऱ्याउनु पर्ने हुन्छ। अनिमात्र यूवाहरुको कदर हुने कुरामा दुइमत नहोला।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# सरकारको एक वर्ष जयनगर-कुर्था रेल सञ्चालनमा अरु रेलमार्ग कतै अध्ययन त कतै निर्माण अघि बढ्दै

सञ्चिता घिमिरे
काठमाडौं, ३० असार (रासस)।

सरकार गठन भएको एक वर्षमा जयनगर-कुर्था खण्डमा रेल सञ्चालनसँगै अरु रेलमार्गमा कतै अध्ययन त कतै निर्माणकार्य अघि बढेको छ। सरकारले भारतबाट खरिद भएको रेल केही समयसम्म थन्किएकामा गत चैत २० गतेबाट सञ्चालनमा आएको छ। सो रेल हाल दैनिक दुईपटक आउने र दुईपटक जाने गरेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले चैतमा नयाँदिल्लीबाट संयुक्तरूपमा यसको उद्घाटन गर्नुभएको थियो। नेपालमा रेल सेवा सञ्चालनका लागि गत २०७७ असोज २ गते भारतबाट रु ८४ करोड ६५ लाखमा दुईवटा रेल खरिद गरिएको थियो। खरिद गरिएको डेढ वर्षपछि रेल सेवा सञ्चालन भएको हो। पहिले पुरानो प्रविधिको रेल सञ्चालनमा आए पनि आधुनिक प्रविधिको यो नै पहिलो रेल सेवा हो।

भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि रेल सरकारले खरिद गरेको थियो। हाल जनकपुर-जयनगर ३५ किमी रेलमार्गमा रेल सञ्चालन भइरहेकामा आगामी आवभित्रै महोत्तरीको बिजुलपुरासम्म रेल सञ्चालन हुने रेल विभागले जानकारी दिएको छ। सो रेलमार्गमा ९५ प्रतिशतभन्दा बढी पूर्वाधार सकिएको विभागका महानिर्देशक दिपक भट्टराईले जानकारी दिनुभयो। सो खण्डको हस्तान्तरणको तयारी भइरहेको छ। त्यसका लागि नेपाल र भारत सरकारको तर्फबाट संयुक्त समिति बनेको महानिर्देशक भट्टराईले बताउनुभयो।

हाल ३५ किमी लम्बाइमा रेल सञ्चालन भइरहेको छ भने कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्गको निर्माण अन्तिम चरणमा पुगेको छ। त्यो सकिएपछि ५२ किमीमा रेल सेवा सञ्चालन हुनेछ। भारतको सरकारी कम्पनीमार्फत रेल वटा खरिद गरिएको थियो।

दुई सरकारबीच सम्झौता भई जिटुजीमार्फत रेल खरिद भएको हो। रेल सञ्चालनका लागि हाल २६ भारतीय र ५९ नेपाली कर्मचारी कार्यरत रहेको कम्पनीले जनाएको छ। भारतीय कर्मचारीमा खासगरी चालक दलका र केही इञ्जिनीयर रहेको महाप्रबन्धक निरञ्जन झाले जानकारी दिनुभयो। कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडादर तोकिएको छ। एयरकण्डिसनका लागि भने रु ४५० तिर्नुपर्ने कम्पनीले जनाएको छ।

भारत सरकारले पाँच 'क्रस बोर्डर' रेलमार्ग निर्माण गर्ने गरी सहमति भएको थियो। जयनगर-कुर्थाबाहेक बथनाहा-विराटनगरमा पनि निर्माणको काम धेरै अघि बढेको महानिर्देशक भट्टराईले बताउनुभयो। पहिलो चरणमा भारतको बथनाहादेखि मोरङ जिल्लाको आइसिपीसँगैको कस्टम एड स्टेशनसम्म चलाइने भएको छ।

सो रेल सामान ओसार्न चलाइने विभागले जनाएको छ। जम्मा लम्बाई १८ किमीमध्ये १० किमीमा निर्माण सम्पन्न भइसकेको छ भने आठ किमीमा काम भइरहेको छ। बाँकी खण्डमध्ये झण्डै डेढ किमी नेपालतर्फ पर्छ भने बाँकी भारततर्फ पर्ने महानिर्देशक भट्टराईले जानकारी दिनुभयो।

सरकार आफैंले निर्माण अघि बढाइरहेको पूर्व-पश्चिम विद्युतीय रेलमार्गको एउटा खण्डमा अहिले भौतिक काम अघि बढाइएको छ। बर्दिवास-निजगढ खण्डमा भौतिक रूपमा काम भइरहेको छ। माटो भर्ने काम र पुललगायतका काम भइरहेको महानिर्देशक भट्टराईले बताउनुभयो। यो खण्डको लम्बाई ७० किमी रहेकामा साढे ५१ किमीमा माटो भर्ने काम सम्पन्न भइसकेको छ। उहाँले भन्नुभयो, "सबै सिभिल वर्कका लागि ठेक्का लागिसकेको छ। बाँकी काम आगामी वर्ष सम्पन्न गर्ने योजना छ।"

बर्दिवास-निजगढ खण्डमा बर्दीवासलगायत ठाउँठाउँमा अरु स्टेशन बनाउनु पर्ने विभागले जनाएको छ। रेलको लिक राख्ने, विद्युतीकरणको काम झण्डै ३५ किमीमा गर्नुपर्ने छ। त्यसका लागि झण्डै रु २५ अर्ब चाहिने हुँदा काम अघि बढाउन अर्थ मन्त्रालयबाट त्यसको बजेट सुनिश्चित हुनुपर्ने महानिर्देशक भट्टराईले बताउनुभयो। उहाँले भन्नुभयो, "यही आवमा शुरु गरिएको छ। आगामी दुई/तीन वर्षमा सम्पन्न गर्ने गरी अघि बढेको छ।"

सो रेलमार्गमा एक वर्षमा ५१ किमीसम्म माटो भरिएको छ। यसमा १५ पुल रहेकामा पाँच पुल सम्पन्न भइसकेको छ भने १० वटाको जगको काम सकिएको छ। तीन वटामा माथिल्लो भागको काम आगामी वर्ष पूरा हुने विभागले जनाएको छ।

अर्थले बहुवर्षीय सहमति दिएमा तीन वर्षमा निजगढसम्म रेलमार्ग बन्न सक्ने महानिर्देशक भट्टराईले बताउनुभयो। अरु किसिमको अवरोध नआउँदा र बजेट सुनिश्चित हुँदा त्यो अवधि पर्याप्त हुने देखिएको छ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्गमा पाँच प्याकेजमा अध्ययन गरिएको थियो। पहिले चितवन राष्ट्रिय निकुञ्ज हुँदै रेखाङ्कन भएकामा त्यो परिवर्तन हुनुपर्ने भनिएपछि नयाँ रेखाङ्कन गरी अध्ययन भइरहेको छ। पहिले सिमराबाट निजगढ हुँदै जाने गरी रेखाङ्कन थियो भने अहिले निजगढबाट हेटौंडा हुँदै भरतपुर जाने गरी अध्ययन भइरहेको छ। अध्ययनको प्रतिवेदन आगामी वर्ष आउन सक्ने उहाँले बताउनुभयो।

अन्तरदेशीय रेलमार्ग निर्माणमा समेत अध्ययनको काम अघि बढेको छ। खासगरी भारत सरकारले काठमाडौँ वीरगञ्ज र चीन सरकारले काठमाडौँ-केरुङ रेलमार्ग निर्माणका लागि विगतदेखि नै छलफल भइरहेको थियो। काठमाडौं-रक्सौल नौ महिना पहिले 'फाइनल लोकेसन सर्वे' गर्ने भनेर नेपाल सरकार र भारत सरकारबीच समझदारी भएको थियो। डेढ वर्षमा सर्वेक्षण सकाउनुपर्नेमा अब नौ महिना बाँकी रहेको छ। सो रेलमार्ग अध्ययनको लगानी भारतीय पक्षले गरेको छ। उहाँले भन्नुभयो, "निर्माणको कसले भन्ने बाँकी छ, अध्ययन भएपछि नै त्यसमा छलफल हुनसक्छ।"

काठमाडौं केरुङ रेलमार्गमा भने यो वर्ष खासै प्रगति हुन नसकेको विभागले जनाएको छ। सन् २०१९ मा चिनियाँ पक्षले पूर्व सम्भाव्यता अध्ययन गरेको महानिर्देशक भट्टराईले जानकारी दिनुभयो। त्यसलाई आधार बनाएर विस्तृत प्रतिवेदन (डिपिआर) बनाउने भनिएको थियो। उहाँका अनुसार कोभिडका कारण रोकिएकामा काम पुनः शुरु हुन सकेको छैन।

यो बीचमा चिनियाँ पक्षसँग अनलाइन बैठक भने भएको थियो। दुई/तीन वर्षभित्र अध्ययन सकाउने भनिए पनि त्यो बैठकमा भएको छलफलका आधारमा त्यो लम्बने देखिएको छ। जटिल भूगोलमा काम गर्नुपर्ने हुँदा अब ४२ महिना चाहिने चिनियाँ पक्षले बताएको छ। हिमाली भागबाट आउनुपर्ने तथा सुरुङ र अग्ला पुलको भाग धेरै भएकाले अध्ययनमा बढी समय लाग्ने बताइएको छ। उहाँले भन्नुभयो, "चीनको चार हजार मिटरबाट काठमाडौंको हजार ३०० मिटरसम्म अध्ययन गर्नुपर्ने छ।"

यो वर्ष कुर्थासम्म रेल सञ्चालन भएको र आगामी आवमा बिजलपुरासम्म पुग्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता शिवप्रसाद नेपालले बताउनुभयो। भारत सरकारको सहयोगमा जयनगरबाट आउने रेल बिजलपुर हुँदै बर्दिवाससम्म निर्माण हुनेछ।

सरकारले बर्दिवासबाट निजगढसम्म रेल सञ्चालनमा चासो देखाएको छ र स्रोत व्यवस्थापन भयो भने ठेक्का गर्ने कार्यक्रम छ। इम्ब्याङ्क्मेन्ट (बाँध) र पुल बनाइने काम अघि बढिरहेको छ। आगामी वर्ष रेल्वे स्टेशन, एसेसोरिज, सिग्नल सबैका लागि ठेक्का गरिनुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अबको वर्षमा नै ठेक्का गरेर समयमा काम सकाउन सके अबको दुई वर्ष पछि निजगढसम्म रेल सञ्चालन गर्न सकिन्छ।"

अर्थ मन्त्रालयले स्रोत सुनिश्चित नगर्दासम्म ठेक्का व्यवस्थापन गर्न नसकिने प्रवक्ता भट्टराईले बताउनुभयो। आयोजना अहिलेसम्म आन्तरिक बजेटबाटै निर्माण भइरहेको छ।

कुनै पनि आयोजनाको निर्माणमा आर्थिक प्रतिफल के भन्ने बुझेर गर्नुपर्ने देखिएको प्रवक्ता नेपालले बताउनुभयो। निर्माण र सञ्चालनका लागि धेरै ठूलो लगानी चाहिने तर एउटा/दुई वटा रेल मात्रै चलाउँदा त्यसको प्रतिफल नआउने उहाँले बताउनुभयो।

पहिले रेलमार्ग निर्माणमा मात्रै ध्यान दिइएको भएपनि पछिल्लो समयमा त्यसको आर्थिक पक्षको कुराकानी शुरु भएको प्रवक्ता नेपालले बताउनुभयो। भारतले रक्स्यौल-काठमाडौं रेलमार्गको अध्ययन अघि बढाए पनि पछिल्लो समयमा काठमाडौँ-केरुङ रेलमार्ग अघि बढ्न सकेको छैन। चिनियाँ पक्ष एकपटक आएर पूर्व सम्भाव्यता गरेको थियो। त्यो रेलमार्गमा झण्डै ९८ प्रतिशत सुरुङ र दुई/तीन प्रतिशत रेलमार्ग मात्रै जमिनमा बनाउनुपर्ने पाइएको छ। जमिनमा पनि अग्ला पुल बनाउनुपर्ने देखिएको उहाँले बताउनुभयो।

सरकारले रेल, मेट्रो रेल, मोनो रेल आयोजनालाई राष्ट्रिय गौरवको आयोजना राखेको छ। सो आयोजनाले नै पूर्व पश्चिम रेलको काम गरिरहेको छ। काठमाडौं उपत्यकामा रेलमार्ग निर्माणको कुरा विगतमा स्थानीय तहले समेत गरेको थिए। यसमा कुनै प्रगति मात्रै नभएर छलफल समेत नभएको मन्त्रालय र

*बाँकी तीन पृष्ठमा*

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईराइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्राध्यापकको गल्तीले गर्दा प्रश्नपत्र हुबहु : त्रिवि

काठमाडौं, ३० असार (रासस)। त्रिभुवन विश्वविद्यालयको हुबहु प्रश्नपत्रमा प्राध्यापक नै दोषी रहेको पाइएको छ। शिक्षा तथा स्वास्थ्य समितिको बिहीबारको बैठकमा त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाले प्रश्नपत्र बनाउने प्राध्यापकको लापरवाहीले प्रश्नपत्र हुबहु भएको बताउनुभयो।

“प्रश्नपत्र बनाउने जिम्मा पाएका प्राध्यापकले अल्छी गरेर पहिले बनाएको प्रश्नपत्र नै दिने र अर्काले बनाएको प्रश्नपत्र सार्नेजस्ता समस्या देखिए”, उहाँले भन्नुभयो, “प्राध्यापकको अल्छीका कारणले प्रश्नपत्र दोहरिएको हो।”

उहाँले त्रिविको परीक्षामा प्रश्नपत्र हुबहु सम्बन्धमा सम्बन्धित प्राध्यापकलाई कारबाही गरिएको बताउनुभयो। त्रिविले प्रश्नपत्र हुबहुका सम्बन्धमा प्राध्यापक घनश्याम भट्टराईको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो।

सोही छानबिन समितिको सिफारिसमा तीन जना प्राध्यापकलाई कारबाही गरिएको उहाँले बताउनुभयो। त्रिविमा मानविकी सङ्कायले गत जेठ १८ गते स्नातकोत्तर तह तेस्रो सेमेष्टरको अर्थशास्त्र विषयअन्तर्गत ‘पब्लिक इकोनोमिक्स’ र जेठ २३ गते स्नातकोत्तर तहको राजनीतिशास्त्रको पहिलो सेमेस्टरको ‘इन्टरनेशनल पोलिटिक्स’ विषयको प्रश्नपत्र अघिल्लो वर्षको प्रश्नपत्रसँग हुबहु मिलेको थियो।

यस्तै व्यवस्थापन सङ्कायको स्नातक तह बिबीए छैटौं सेमेष्टरको यही असार २२ गते र असार २५ गतेको प्रश्नपत्र पनि हुबहु पाइएको छ। यस्तै मोर्डन नेपाल कलेजको तीन महिनाअघि सोधिएको प्रश्नपत्र असार २२ गतेको परीक्षामा र शङ्करदेव क्याम्पसले लिएको प्रिबोर्ड परीक्षामा सोधिएको प्रश्नपत्र यही असार २५ गते बिबीएलाई सोधिएको थियो।

“ती उपप्राध्यापकलाई प्रश्नपत्र बनाउन दिँदा उहाँले मोर्डन कलेजमा नै सोधिएको प्रश्नपत्र दिनुभयो”, उहाँले भन्नुभयो, “यसरी तीन महिनाअघि मोर्डन कलेजको आन्तरिक परीक्षामा सोधिएको प्रश्नपत्र त्रिविको परीक्षामा पनि सोधिएको पाइयो।”

उहाँले समाजिक सञ्जालले गर्दा हुबहु प्रश्नपत्रबारे जानकारी प्राप्त भएको भन्दै अबदेखि हस्तलिखित प्रश्नपत्र माग्ने बताउनुभयो। “प्राध्यापकले प्रश्नपत्र बनाउनुभन्दा अर्काको किताबबाट सार्ने गरेको पाइएको छ”, उहाँले भन्नुभयो, “अबदेखि हामी हस्तलिखित प्रश्नपत्र माग्ने छौं।”

त्रिविका उपकुलपति डा. बास्कोटाले प्रश्नपत्रका हुबहु सम्बन्धमा त्रिविले प्राडा भोजराज अर्यालको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन गरेको बताउनुभयो। समितिमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले हुबहु प्रश्नपत्रमा संलग्नलाई कारबाही गरिने बताउनुभयो। “हुबहु प्रश्नपत्र अल्छीपनाले होइन, गल्ती गरेका हुन्”, उहाँले भन्नुभयो, “हुबहु प्रश्नपत्र बनाउनेलाई कारबाही गर्नुपर्दछ।”

**समितिद्धारा कारबाही गर्न निर्देशन**

समिति सभापति जयपुरी घर्तीले हुबहु प्रश्नपत्र बनाउनेलाई कारबाही गर्न निर्देशन दिनुभयो। “प्रश्नपत्रका सम्बन्धमा कहाँ-कहाँ गल्ती भएको छ”, उहाँले भन्नुभयो, “ती गल्ती गर्नेलाई कारबाही गर्नुपर्दछ।”

समिति सदस्य योगेश भट्टराईले दोषीलाई कारबाही गर्नुपर्ने भन्दै त्रिवि कार्यालय तोडफोड गर्नेलाई पनि कारबाही गर्नुपर्ने बताउनुभयो। समिति सदस्य गिरिराजमणि पोखरेलले त्रिविलाई पुनः संरचना गर्नुपर्ने बताउनुभयो। सदस्य नवीना लामाले त्रिवि तहसनहस बन्न पुगेको भन्दै सबै मिलेर जोगाउन आवश्यक रहेको बताउनुभयो।

समिति सदस्य मनकुमारी जिसी, सरिता न्यौपाने, मानबहादुर विकलगायतले त्रिविमा पटक-पटक प्रश्नपत्रमा हुने कमजोरीलाई अन्त्य गर्नुपर्ने भन्दै प्रश्नपत्रको सेटबाट नभई प्रश्नपत्र बैंकबाट छान्नुपर्नेमा जोड दिनुभयो।

*सरकारको एक ...*

विभागले जनाएका छन्।

केही वर्षयता नेपालमा रेलसम्बन्धी विषयलाई सबैले चासोका साथ हेरिरहेको पाइन्छ। सडक यातायातमा रेलको सम्भावनाका विषयमा सदनदेखि सडकसम्म बहस हुन थालेको छ। रेलमा नागरिकको अपेक्षा बढिरहँदा यसमा बजेट भने न्यून विनियोजन हुँदै आएको छ।

सीमित स्रोतबाट काम गर्नुपर्ने भएकाले रेलसम्बन्धी छुट्टै योजना आवश्यक रहेको विभागका महानिर्देशक भट्टराईले बताउनुभयो। पूर्व-पश्चिम, काठमाडौं-पोखरा, काठमाडौं-लुम्बिनिलगायतका क्रस बोर्डर रेलमार्गयत योजनामा रहेका वा नरहेका रेलमार्गका विषय योजनामा समेटिने विभागले जनाएको छ।

पूर्व-पश्चिमको अध्ययन नै सकिएको छैन भने सानो खण्डमा मात्रै भौतिक काम भएको महानिर्देशक भट्टराईले बताउनुभयो। अबका दिनमा वास्तविक योजना बनाउनुपर्ने र सोही आधारमा अघि बढ्नुपर्नेमा उहाँको जोड छ।

**रेल्वेसम्बन्धी गुरुयोजना बनाइने**

रेल्वेसम्बन्धी ‘मास्टर प्लान’ बनाउन आवश्यक देखिएकाले रेल विभागले यसलाई आगामी वर्षको कार्यक्रममा राखिएको छ। नेपालको रेल यातायातको विकास गर्नका लागि आफ्नै गुरुयोजना आवश्यक रहेको बताइएको छ।

नेपालमा हालसम्म रेलमार्ग निर्माणको काम अति कम छ। रेलमार्ग निर्माणमा प्रगति हासिल गर्न बजेट सुनिश्चित गर्न खाँचो रहेको महानिर्देशक भट्टराईले बताउनुभयो। सरकारको आफ्ना लगानीमा, दुईपक्षीय, बहुपक्षीय वा एशियाली विकास बैङ्क, विश्व बैङ्कलगायतका दातृ निकायसँगको समन्वयमा गर्ने भनी स्पष्ट हुनुपर्ने उहाँले बताउनुभयो। समयावधि कतिसम्ममा गर्न सकिन्छ भनी यकिन गर्नुपर्ने र छोटो, मध्यम र लामो अवधि गरेर टुक्राउनुपर्नेमा उहाँको जोड छ।

सो गुरुयोजनाले रेलको विषयमा अन्योल रहेकामा अब कसरी जाने भनी एउटा चित्र आउने विभागले जनाएको छ। गुरुयोजना विभागले तयारी गरेपछि मन्त्रालय वा माथिल्लो निकायले त्यसलाई अनुमोदन गरेपछि कार्यान्वयनमा आउन सक्छ। रेल बनाउने कहाँ बनाउने, कहिले बनाउने, बजेट कति हुने, बजेट कसरी उपलब्ध हुने कुरा समेटिने उहाँले बताउनुभयो।

**झण्डै नौ वर्षपछि चल्यो जनकपुरमा रेल**

झण्डै नौ वर्षपछि नयाँ रेलमार्गमा नयाँ रेल सञ्चालनमा आउँदा जनकपुर र आसपासका क्षेत्रमा छुट्टै खुसीयाली छाएको छ। नेपालमा १९९४ सालतिर जयनगरदेखि जनकपुरसम्म रेल सेवा थियो। त्यसअघि राणाकालमै १९८४ सालतिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज रेल सञ्चालनमा थियो।

विसं २०७० देखि रेलमार्ग सञ्चालन हुन सकेको थिएन। रेलमार्ग सुधार गरी जाने नेपाल भारतबीचको समझदारीअनुसार ब्रोड गेजमा रेलमार्गको निर्माण भएको हो।

**रेल्वेसम्बन्धी विधेयक संसद्‌बाट पारित**

रेल सञ्चालनमा आएको केही महिनापछि रेल्वेसम्बन्धी विधेयक, २०७९ पनि सङ्घीय संसद्‌बाट पारित भएको छ। चालक, सहचालकको योग्यता, यात्रु र सामानको सुरक्षालगायतका विषय विधेयकमा उल्लेख छ। यसअघि रेलसम्बन्धी ऐन २०२० कार्यान्वयनमा थियो।

## दुई सय ६० जनामा संक्रमण पुष्टि

काठमाडौं, ३० असार (रासस)। देशभर बिहीबार २ सय ६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको बुलेटिनअनुसार बिहीबार तीन हजार ८ सय ४४ जनामा परीक्षण गरिएको थियो। थपिएकासहित सक्रिय संक्रमितको संख्या एक हजार १ सय ७१ पुगेको छ।

सो अवधिमा ४८ जना संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ८ सय ५८ पुगेको छ। मन्त्रालयका अनुसार यो दर ९८.७ प्रतिशत हो। काठमाडौं जिल्लामा ५०० भन्दा बढी संक्रमित रहेको पाइएको छ।

शून्य संक्रमित भएका जिल्ला १२ रहेका छन्। अहिलेसम्म होम आइसोलेसनमा एक हजार १ सय ४८, संस्थागत आइसोलेसनमा २३ भेन्टिलेटरमा एक जना र सघन उपचार कक्ष (आइसियु)मा १४ जनाको उपचार भइरहेको छ। यस्तै विगत २४ घण्टामा ७२ हजार ३२० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्।

## विश्व समाचार

### पछि हटे श्रीलंकाली प्रदर्शनकारी

कोलम्बो, ३० असार (रासस/एपी)।

राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास कब्जा गरेर बसेका प्रदर्शनकारी ती स्थानबाट निस्कने भएका छन्। राष्ट्रपति गोटाबाया राजपक्ष श्रीमती र दुई जना अङ्गरक्षकका साथ देशबाट बाहिरिएपछि नयाँ सरकारसमक्ष आफ्ना माग पुऱ्याउन उनीहरू ती भवनबाट बाहिरिने निष्कर्षमा पुगेका हुन्।

राष्ट्रपति गोटाबाया राजीनामापत्रमा हस्ताक्षर नगरी प्रधानमन्त्री रनिल विक्रमासिङ्घेलाई कार्यवाहक राष्ट्रपति बनाएर देशबाट बाहिरिएपछिको परिस्थितिमा समस्याको समाधान संसद्‌बाट खोज्ने उद्देश्यले सरकारी निवास खाली गर्ने निष्कर्षमा आफूहरू पुगेको प्रदर्शनको नेतृत्व गरिरहेका देविन्द कोडागोडेले बताए। सभामुखले पनि समस्याको निकास संसद्‌बाट खोज्ने प्रयास भइरहेको बताएका छन्।

वायुसेनाको विमानमा मालदिभ्स पुगेका गोटाबाया साउदी एयरलाइन्स चढेर सिङ्गापुर हुँदै साउदी अरबको जेद्दातर्फ लागेका मालदिभ्स सरकारका एक अधिकारीले बताएका छन्। आक्रोशित प्रदर्शनकारीबाट संसद् भवनलाई जोगाउन त्यहाँ भारीमात्रामा सुरक्षाफौज परिचालन गरिएको छ। हातहतियारले सुसज्जित सैन्यटोली बख्तरबन्द गाडीका साथ संसद् भवन बाहिर तैनाथ भएका छन्।

### श्रीलंकामा देशव्यापी निषेधाज्ञा

कोलम्बो, ३० असार (रासस/सिन्हवा)।

श्रीलङ्काका नवनियुक्त कार्यवाहक राष्ट्रपति रनिल विक्रमासिङ्घेले देशव्यापी निषेधाज्ञा (कर्फ्यू) घोषणा गरेका छन्।

बुधबार कार्यवाहक राष्ट्रपतिमा नियुक्त भएका उनले पद सम्हालेवित्तिकै देशव्यापी निषेधाज्ञा घोषणा गरेका हुन्। निषेधाज्ञा लागू भएसँगै श्रीलङ्काली रेलमार्ग, सडक, मनोरञ्जनस्थल, उद्यानलगायत सार्वजनिक स्थानमा हिँडडुल गर्न पाउने छैनन्।

बुधबार पनि यहाँका नागरिकले प्रधानमन्त्री रनिल विक्रमासिङ्घेको कार्यालयमा घेराउ गरी उनको राजीनाको माग गरेका थिए। बुधबार नै सभामुखले प्रधानमन्त्री विक्रमासिङ्घेलाई कार्यवाहक राष्ट्रपतिमा नियुक्त गरिएको संसद्‌बाट जानकारी दिएका थिए।

गत शनिबार राष्ट्रपतिको कार्यालय प्रदर्शनकारीले कब्जा गरेपछि सरकारी निर्णय तथा घोषणाहरू सभामुख र प्रधानमन्त्री कार्यालयबाट हुँदै आएका छन्।

### क्यानडामा ४७७ जनामा मङ्कीपक्स संक्रमण

ओटावा क्यानडो, ३० असार (रासस-एनआई/सिन्ह्वा)।

क्यानाडाको जनस्वास्थ्य एजेन्सीले बुधवारसम्म देशमा कुल ४७७ जना मङ्कीपक्स सङ्क्रमण भएको पुष्टि गरेको छ।

एजेन्सीका अनुसार क्युबेकमा २८४, ओन्टारियोमा १५६, ब्रिटिश कोलम्बियामा २९ र अल्बर्टाका आठ जनामा सङ्क्रमण पुष्टि भएको छ।

राष्ट्रिय माइक्रोबायोलोजी प्रयोगशालाले मङ्कीपक्स निम्त्याउने भाइरसको निदानात्मक परीक्षण गरिरहेको बताएको छ। मङ्कीपक्सले व्यापक सङ्क्रमण निम्त्याउन सक्ने, यो रोग सामान्यतया मध्य र पश्चिम अफ्रिकाको जङ्गली भागमा बढ्ता पाइएको बताइएको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार मङ्कीपक्स अर्थोपक्स भाइरस परिवारसँग सम्बन्धित छ।

### खाद्यान्न निर्यातका लागि युक्रेन-रूस वार्तामा प्रगति

किएभ, ३० असार (रासस/सिन्हवा)।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलिन्स्कीले खाद्यान्न निर्यातबारे रूससँगको भएको वार्तामा प्रगति भएको बताएका छन्। इस्तानबुल वार्तामा खाद्यान्न आपूर्तिका विषयमा प्रगति भएको उनले जानकारी दिएका हुन्।

केही दिनअघिदेखि इस्तानबुलमा खाद्यान्न आपूर्ति गर्ने विषयमा रुस र युक्रेनका बीच वार्ता भएको थियो। वार्तामा टर्की र संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिहरुको पनि सहभागिता थियो। राष्ट्रपति जेलिन्स्कीको प्रेस सेवाले बुधबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएअनुसार वार्तामा प्रगति भएको जनाइएको छ।

राष्ट्रपति जेलिन्स्कीले युक्रेनको वार्ताटोलीका तर्फबाट आफूलाई दिइएको जानकारीअनुसार वार्तामा केही प्रगति भएको र त्यसमा संयुक्त राष्ट्रसङ्घ र टर्कीका प्रतिनिधि पनि सहमत भएका छन्। द्विपक्षीय सहमति भएपछि विश्व बजारमा युक्रेनमा उत्पादित खाद्यान्न सहजरूपमा आपूर्ति हुनेछ।

युक्रेन, रुस र टर्कीका प्रतिनिधिहरुले यहाँस्थित राष्ट्रसङ्घीय कार्यालयमा आफ्ना माग पेश गरेका थिए। त्यसक्रममा युक्रेनबाट खाद्यान्न आपूर्तिको प्रयासलाई सफल बनाउनेबारेमा छलफल भएको थियो। युक्रेन युद्ध र त्यसको प्रभाव विश्वभर परेको छ जसका कारण विश्वका विभिन्न देशमा खाद्यान्नको अभाव भएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# 'साउन पहिलो हप्ता ५० हजार मेट्रिक टन मल नेपाल भित्रिन्छ'

पर्सा, ३० असार (रासस)।

कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमारसिंह यादवले रविबालीका लागि आवश्यक युरिया मल साउनको पहिलो सातादेखि नेपाल भित्रिन सुरु हुने जानकारी दिनुभएको छ। उहाँले ओमनबाट नेपाल सरकारले खरिद गरेको ५० हजार मेट्रिक टन युरिया मल साउनको पहिलो सातादेखि भित्रिने बताउनुभएको हो।

जनता समाजवादी पार्टी नेपालले वीरगञ्जमा आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले धानबालीका लागि आवश्यक डिएपी मलको अभावबाट पाठ सिक्दै सरकारले रविबालीका लागि पहिलेदेखि नै आवश्यक रासायनिक मलको व्यवस्थामा जुटेको जानकारी दिनुभयो। उहाँले नेपाल सरकारले ओमानबाट आयात गरेको मलमध्ये ३० हजार मेट्रिक टन युरिया कृषि सामग्री कम्पनीले र २० हजार मेट्रिक टन साल्टट्रेडिङ कम्पनीले आयात गर्ने बताउनुभयो।

कृषि क्षेत्रमा हाल देखिएको मल तथा उन्नतजातको बीउबिजनको समस्याप्रति नेपाल सरकार गम्भीर रहेको र ती समस्या समाधानप्रति प्रयत्नशील रहेको मन्त्री यादवले जानकारी दिनुभयो। उहाँले भारतसँग जोडिएका सीमावर्ती नेपाली जिल्लाका किसानले भारतबाट रासायनिक मल खरिद गरी ल्याउँदा कुनै पनि प्रकारको व्यवधान खडा नगर्न प्रशासनलाई निर्देशन दिइएको बताउनुभयो।

# मोटरसाईकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ३० असार।**

पुर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको रुपनी गाउँपालिका ६ बिरेन्द्र बजार सडक खण्डमा बुधवार राती मोटरसाईकलले ठक्कर दिदाँ एक पैदल यात्रीको मृत्यु भएको छ।

स.४ प.१३३४ नम्बरको मोटर साइकलले ठक्कर दिदाँ बाटो काट्न लागेका सोही वडा निवासी पैदल यात्री ५५ वर्षिय दीपनारायण मेहताको मृत्यु भएको हो।

मोटरसाईकलको ठक्कर लागेर गम्भिर घाईते भएका उनको स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा उपचारको क्रममा बिहिवार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

ठक्कर दिने मोटरसाईकल चालक सिरहाको लहान नगरपालिका १९ वस्ने ३० वर्षिय दिपेश कुमार यादव तथा मोटरसाईकल नियन्त्रणमा लिई घट्नाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

# गभर्नरले तत्काल राजीनामा दिनुपर्छ : सांसद श्रेष्ठ

काठमाडौँ, ३० असार (रासस)।

राष्ट्रियसभाका सांसद नारायणकाजी श्रेष्ठले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले तत्काल राजीनामा दिनुपर्ने बताउनुभएको छ। राष्ट्रियसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै उहाँले नेकपा (एमाले)को अर्थ तथा योजना विभागका सदस्य एम अधिकारी भनेर उल्लेख भएको र त्यो उहाँको संक्षिप्त नाम हो भन्ने रहेको उल्लेख गर्नुभयो।

विसं २०७३ मा उक्त विभागमा महाप्रसाद अधिकारीको नाममा रहेको र अहिले एम अधिकारीको नाममा रुपान्तरित भएर अर्थ तथा योजनाविद् भनेर राखिएको उहाँको दाबी छ। "विवाद भएर सबैलाई उहाँ नै हो भन्ने लागेकाले कि त होइन भन्ने पुष्टि भएको कागज सार्वजनिक गर्नुपर्‍यो, होइन भने विवाद आयो भनेर उहाँले राजीनामा दिनुपर्‍यो", नेकपा (माओवादी केन्द्र) का वरिष्ठ नेतासमेत रहनुभएका सांसद श्रेष्ठले भन्नुभयो। यस विषयमा उहाँले एमाले र सम्बन्धित अधिकारीको ध्यानाकर्कर्षण समेत गराउनुभएको छ।

"अधिकारीको विषयमा एमालेले विश्वसनीय ढङ्गले खण्डन गरेको छैन, गर्न सक्ने स्थिति पनि होला की नहोला भन्ने प्रश्न गम्भीर छ", नेता श्रेष्ठले प्रश्न गर्नुभयो, "राष्ट्र बैंकको ऐन २०५८ को दफा २१ ले गभर्नर, डेपुटी गभर्नर वा कुनै सञ्चालक सदस्य कुनै पनि राजनीतिक दलमा संलग्न हुनु हुँदैन भन्ने स्पष्ट व्यवस्था रहेको छ भने उहाँ त्यहाँ बसिरहन मिल्छ की मिल्दैन ?"

सांसद श्रेष्ठले संवैधानिक परिषदसम्बन्धीको विधेयक फिर्ता लिनसमेत आग्रह गर्नुभएको छ। अघिल्लो सरकारले त्यही काम गर्दा विरोध गरिएको जानकारी गराउँदै उहाँले सरकार हुँदा एउटा र नहुँदा अर्को कुरा गर्न नहुनेमा जोड दिनुभयो। उहाँले निर्वाचनमा विदेशी सहयोग नलिन पनि अनुरोध गर्नुभएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# ४० लाख पुगे करदाता

काठमाडौँ, ३० असार (रासस)।

करको दायरामा आउने करदाताको सङ्ख्या ४० लाख पुगेको छ। महालेखा परीक्षकको कार्यालयले बुधबार सार्वजनिक गरेको ५९औँ प्रतिवेदनअनुसार आव २०७७/७८ सम्म ४० लाख ५९ हजार १०७ करदाता पुगेका हुन्।

प्रतिवेदनअनुसार आयकर, मूल्य अभिवृद्धि कर र अन्तशुल्क तीनवटै समूहका करदाताको सङ्ख्यामा वृद्धि भएको हो। त्यसमा व्यावसायिक स्थायी लेखा नम्बर १५ लाख ७७ हजार ३८३, व्यक्तिगत स्थायी लेखा नम्बर २४ लाख ७१ हजार ७२६ र अग्रिम कर स्थायी लेखा नम्बर नौ हजार ९९८ जनाले लिएका छन्।

आव २०७६/७७ को तुलनामा चालु आव २०७७/७८ आयकरतर्फ १८.९, मूल्य अभिवृद्धिकर्फ ४.८७ र अन्तशुल्क इजाजत पत्रतर्फ ९.६८ प्रतिशतले स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्यामा वृद्धि भएको हो। यो वर्ष आयाकरतर्फ स्थायी लेखा नम्बर लिनेको सङ्ख्या छ लाख ४५ हजार ७१७ ले बढेर ४० लाख ५९ हजार १०७ पुगेको छ।

यस्तै मूल्य अभिवृद्धितर्फ करमा दर्ता हुनेको सङ्ख्या दुई लाख ६८ हजार ४३६ पुगेको छ भने अन्तशुल्क इजाजतपत्र लिनेको सङ्ख्या एक लाख तीन हजार ४२३ पुगेको छ।

**डाक्टर र इन्जीनियरले नै तिर्दैनन् कर**

महालेखाको प्रतिवेदनअनुसार चिकित्सक, इन्जीनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक प्राध्यापकलगायतका पेशाविद्, अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला नगरेको उल्लेख गरिएको छ।

महालेखाले ५८औँ प्रतिवेदनमा समेत पेशाविद्हरूले आफ्नो पेशागत प्रमाणपत्रलाई नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेश गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने कुरा उठाएको थियो। सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र अनिवार्यरूपमा पेश गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ। महालेखाले सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।

## *थप तल्लाको ...*

साहले उक्त राजश्व रकम दाखिला गर्न लगाएको उनको भनाई छ।

उनले इन्जिनियर साह आफ्नो छिमेकी रहेको समेत सुनाए। घर नजिकैको ४ कठ्ठा ४ धुर खेती योग्य जग्गा किन्ने विषयमा इन्जिनियर साह र आफूबीच केही समयअघि विवाद भएको र सोही रिसइवीले हाल आएर आफूलाई दुःख दिन खोजिएको उनको भनाई छ।

उनले यसबारे नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई गुहार्दा उनीहरुले पनि इन्जिनियर साहलाई नक्सा पास गरिदिन निर्देशन दिएपनि विभिन्न बहाना देखाई आलटाल गर्ने गरेको बताए।


जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS | Best Remit | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*